मिति : २०८१/९/१६ गते

श्रीमान कार्यवाहक सभापति,
राष्ट्रिय स्वतन्त्र पार्टी,
घण्टी घर, चमति, काठमाडौं ।

विषय : हस्ताक्षर सहमति फिर्ता लिएको सम्बन्धमा।

महोदय,

राष्ट्रिय स्वतन्त्र पार्टी आजसम्म कै सबै भन्दा ठूलो संकटको घडीमा रहेको महसुस गरिरहेको छु । रास्वपाले रास्वपा मात्रको भविष्य निर्धारण गरिरहेको छैन, समग्र वैकल्पिक राजनीति र त्यो भन्दा ठूलो नेपाली जनताको आशाको भविष्य पनि निर्धारण गरिरहेको छ । पछिल्लो असार महिना यता पार्टीमा जे जति घटना घटे, त्यो दु:खद र दुर्भाग्यपुर्ण छ । डा. ढकाल लाई पार्टी बाट निष्कासन गरिसकेपछि पार्टी अझै कमजोर भएको महसुश कम्तिमा कोशी प्रदेशका सबै रास्वपाकर्मीहरुले गरेका छन्।मलाई लाग्छ, पार्टीको यो घडिमा अब हामी सबै मिलेर अघि बढ्नु पर्छ र त्यसका लागी केहि सुधारात्मक कदमहरु आवश्यक छन् । डा. मुकुल ढकाललाई महामन्त्री, प्रवक्ता, केन्द्रीय समिति सदस्य एवं साधरण सदस्यबाट हटाउने पार्टीका सबै निर्णयबाट आफ्नो हस्ताक्षर र सहमति फिर्ता लिएको जानकारी गराउँछु । राइट टू रिकलको प्रावधानलाई नीति मै अवलम्बन गरेको हाम्रो पार्टीमा यसरी हस्ताक्षर र सहमति फिर्ता गर्नु पार्टी नीति मै रहेको तथ्य मैले बुझेको छु । यसर्थ, पार्टीमा डा. मुकुल ढकाललाई पूरानै जिम्मेवारी सहित फिर्ता बोलाउनु पर्छ भन्ने मत जाहेर गर्दछु।

कसै संग रिस, राग, द्वेष र अनुराग नराखिकन एक आपसका सबै तुष सबै पक्षबाट त्यागौं र संकटको यो घडी फुटेर होइन, जुटेर सामना गरौं । राष्ट्रिय स्वतन्त्र पार्टीलाई नेपाली जनताका लागी एउटा बलियो र भरोसायुक्त पार्टीको रूपमा स्थापना गरौं ।

राजेश तिम्सिना
कोशी प्रदेश सभापति, केन्द्रीय समिति सदस्य
राष्ट्रिय स्वतन्त्र पार्टी

CS CamScanner